ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

### २०६९ मंसीर ९ र १० गते, मकवानपुर, हेटौंडा

**प्रस्ताव क्रमाङ्क - १**

### शिक्षाक्षेत्रमा भइरहेको राजनीतिक भ्रष्ट्राचार राष्ट्रका लागि घातक

शैक्षिक क्षेत्रको विकास एवं गुणस्तर सुधारको लागि वर्तमान समयमा भइरहेका हर सम्भव प्रयासहरु थाति नै छन् । चाहे शिक्षाक्षेत्रको लागि बजेटमा वृद्धि होस्, चाहे दातृराष्ट्र एवं वित्तिय संघसंस्थाहरुको अनुदान सहयोग होस् वा वैदेशिक ऋण एवं अनुदानदेखि लिएर भौतिक पूर्वाधार तथा जनशक्ति विकासको क्षेत्र होस् समाज, राष्ट्र र देशले आकांक्षा गरे अनुसारको शैक्षिक जनशक्तिको यथेष्ट निर्माण हुन सकेको छैन । जुन वर्तमान समयमा विडम्बना र चिन्ताको विषय बनेको छ । विश्वभर विकासका हरेक क्षेत्रमा तीव्र प्रतिस्पर्धा हुँदै गइरहेको र प्रतिस्पर्धा गर्न नसक्नेहरु सामाजिक, आर्थिक एवम् राजनीतिकरुपमा शोषित हुँदै गइरहेको वर्तमान परिस्थितिबारे प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठकले सरकारको ध्यानाकर्षण गराउँदै निम्न विषयमाथि गम्भीर हुनका लागि सरकारलाई आह्वान गर्दछ ।

- काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुरेशराज शर्मालाई एम.वि.वि.एस.को कोटामा पार्टीका व्यक्तिलाई प्रवेश नदिनु र पार्टीको दबावमा मेडिकल कलेज सञ्चालनका लागि अनावश्यक स्वीकृति नदिएको विषयलाई लिएर राजनीनिक दबावमा दिन लगाइएको राजिनामा प्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल घोर आपत्ति प्रकट गर्दछ । साथै विश्वमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष युवाशक्ति उत्पादन गर्दै आइरहेको काठमाडौं विश्वविद्यालयका संस्थापक एवं उपकुलपतिमाथि गरिएको यस प्रकारको राजनीतिक षड्यन्त्रको परिषद् घोर आपत्ति प्रकट गर्दै सरकारको यस दुष्कार्यको घोर निन्दा समेत गर्दछ ।
- देशमा विभिन्न मिसिनरीहरुको योजनामा प्रत्येक विद्यालयहरुमा फरक फरक किसिमका पाठ्यक्रमहरु पढाइँदै आइरहेको छ जसमा सोही मिसिनरीका गुणगान गाउने नेपाली संस्कृति, परम्परा र मौलिकताको उपहास गर्ने जस्ता पाठ्यक्रमहरु पठनपाठन भइरहेको हुँदा तुरुन्त त्यस्ता पाठ्यपुस्तकको छानविन गरी त्यसलाई रोक्नका लागि परिषद् सरकारसंग माग गर्दछ । साथै नेपाली संस्कृति, परम्परा, राष्ट्रियता र मौलिकताको सम्मान गर्ने र त्यस प्रति गर्व गर्न सक्ने किसिमको पाठ्यक्रम प्रत्येक विद्यालयमा सञ्चालनका लागि नीति निर्माण गर्न समेत परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसंग माग गर्दछ ।
- वर्तमान समयमा शिक्षाक्षेत्रमा राजनीतिक हस्तक्षेप एवं शोषण यथावत् नै छ । विभिन्न बहानामा शिक्षामा लुट भइरहेको छ । तसर्थ शिक्षाक्षेत्रलाई प्रभावकारी बनाउनका लागि तुरुन्त राजनीतिक मुक्त शिक्षा आयोगको गठन गर्नका लागि सरकारसंग परिषद् जोडदार माग गर्दछ ।
- जनशक्ति निर्माणका दृष्टिकोणले देशको सबैभन्दा ठूलो विश्वविद्यालय त्रिविविको विस्तारै साख गिर्दै जानु चिन्ताको विषय बनेको छ । त्रिविवि प्राध्यापकहरुको मनपरी, कर्मचारी बढुवा, सरुवा, नियुक्ति, ठेक्कापट्टा आदिमा भइरहेको अनावश्यक राजनीतिक हस्तक्षेपलाई तुरुन्त रोक्नका लागि परिषद् सरकारसंग जोडदार माग गर्दछ ।
- विश्वविद्यालयमा देखिएका विभिन्न समस्याहरु स्रोतसाधनको दुरुपयोग, जनशक्ति छनौटमा त्रिवि सेवा आयोगको अपारदर्शिता, ढिलासुस्ती र पूर्वाग्रहीपन, स्थानीय समुदायको पचास प्रतिशत आरक्षणको आन्दोलन, राजनीतिक पार्टी र तिनका भातृ संगठनको अनावश्यक हस्तक्षेप, जनगुनासो सुन्ने र सम्बोधन नगर्ने प्रभावकारी निकाय नै नहुनु, १३/१४ महिनासम्म पनि परीक्षाफल निस्कासन नगर्ने जस्ता कारणले त्रिविविको आर्थिक अवस्था एवं शैक्षिक गुणस्तर समेत खस्कँदो छ । जसले गर्दा नेपालको शैक्षिक भविष्य पुस्तौं पुस्ता पछाडि पर्न सक्नेछ । यसको क्षतिपूर्तिको लागि नेपाली जनता र नेपाली विद्यार्थीहरुले भोलिका दिनमा ठूलो मूल्य चुकाउनुपर्ने छ । यसतर्फ प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छ ।
- विश्व विद्यालयहरुको शैक्षिक/आर्थिक गुणस्तर सुधार गर्नका लागि राजनीतिक हस्तक्षेपविहीन स्वतन्त्र बुद्धिजीवीहरु सम्मिलित एक समिति गठन गरी सो समिति मार्फत् विश्वविद्यालयका शैक्षिक योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाउन समेत प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसँग माग गर्दछ ।

- विश्वविद्यालयको संख्या बढ्दै जाँदा गैरकानुनी रुपमा सञ्चालित शिक्षण संस्थाको संख्या पनि बढ्दै जाने र त्यसको मारमा आम विद्यार्थी पर्न सक्ने तर्फ मध्य नजर गर्दै शिक्षा मन्त्रालयबाट सम्बन्धन प्राप्त क्याम्पसहरुको सूची समय समयमा जनचेतनाको लागि प्रकाशित गर्ने र टि.भी./रेडियोबाट यसबारेमा जनचेतना जगाउने सन्देशमूलक सामग्री प्रसारण गर्ने व्यवस्था मिलाउन प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकारसँग माग गर्दछ ।
- पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयका अधिकांश काम कारवाही काठमाडौंबाट हुने गरेको छ । देशमा संघीयताको कुरा गरे तापनि शिक्षामा विकेन्द्रीकरणको प्रयास हुन नसकेको यस तथ्यले पनि पुष्टि गर्दछ । त्यसलै सरकारलाई यसतर्फ प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक ध्यानाकर्षण गराउन चाहन्छ । साथै उक्त एवं अन्य विश्वविद्यालयको काम कारवाहीलाई विश्वविद्यालय स्थापनाको उद्देश्य अनुरुप तत् तत् क्षेत्रबाटै सञ्चालन गर्न प्राथमिकता दिन सरकारले निर्देशन दिनुपर्दछ साथै सोका बारेमा कडा निगरानी राख्नुपर्दछ ।
- निजी क्षेत्रको पहलमा आफ्नो छुट्टै पहिचान बनाउन सफल काठमाडौं विश्वविद्यालयमा राजनीतिक हस्तक्षेप विस्तारै बढ्दै गएकोमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक खेद प्रकट गर्दछ । साथै नेपाल सरकारलाई राजनीतिक हस्तक्षेप रोक्न माग समेत गर्दछ ।
- शिक्षण अस्पतालहरुमा प्राध्यापक एवम् डाक्टर कर्मचारीहरुले अस्पतालको काम कारवाही ठप्प पार्ने प्रवृत्ति बढ्दै गएको प्रति चिन्ता प्रकट गर्दै त्यस्ता कार्यमा संलग्न प्राध्यापक एवम् शिक्षण संस्थाका कर्मचारीलाई कारवाही गरी त्यस्ता कार्यलाई निरुत्साहित गर्न समेत प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ ।
- नेपाल सरकारले विद्यालय तथा शिक्षाक्षेत्रमा गरेको Fast food / junk food को प्रतिबन्धप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल सो कार्यको प्रशंसा गर्दै उक्त निर्णयको स्वागत समेत गर्दछ । साथै यसलाई तुरुन्त कार्यान्वयनमा ल्याउनका लागि परिषद् सरकारसंग माग गर्दछ ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

## २०६९ मंसीर ९ र १० गते, मकवानपुर, हेटौंडा

**प्रस्ताव क्रमाङ्क–२**

### राष्ट्रलाई पार्टीको बन्दी नबनाउ

संविधानको निर्माण नभई संविधानसभाको विघटन हुनु र सहमतिको सरकार निर्माण हुन नसक्नुले देशमा अहिले अन्योल छाइरहेको छ । वर्तमान सरकार अवैधानिकरुपमा चलिरहेको छ । जनु आधारमा(संविधानसभा)मा रहेर यो सरकार गठन भएको थियो त्यो संविधानसभा विघटन भइसक्दा पनि यो सरकार यथावत रहनुले पनि यो सरकार अवैधानिक छ भन्ने कुरालाई प्रष्ट पार्दछ । साथै वर्तमान समयमा सबै राजनीतिक दलहरु मिलेर देशलाई शोषण गरिरहेका छन् । राज्यमा संवैधानिक र कानुनी संकट सिर्जना भएको छ । यस्तो राजनीतिक अस्थिरताको मौका छोपी व्यापारी, आपराधिक क्रियाकलापमा संलग्न व्यक्ति तथा समूहहरु एवं विदेशी गैरसरकारी संघसंस्थाहरुले विभिन्न क्षेत्रमा आ-आफ्ना गतिविधि बढाउँदै आ-आफ्नो स्वार्थपूर्ति गर्न गतिशील भएको र सामाजिक जनजीवन अस्तव्यस्त बनाउन लागेकोमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर आपत्ति प्रकट गर्दछ । साथै यस तथ्यप्रति गम्भीर भई नेतृत्वपंक्तिलाई दबाव दिन समेत आम नागरिक समक्ष यो बैठक आह्वान गर्दछ ।

एकातिर दोहोरो अंकको मूल्यवृद्धिले नेपालीको जनजीवन कष्टकर बन्दै गएको छ भने अर्कोतिर सहमतिको सरकार बन्न नसक्दा विकास निर्माणका काममा अवरोध आइरहेको छ, नेपाली जनता आफ्ना मौलिक र आधारभूत आवश्यकताको पुरा गर्न असमर्थ भएका छन् र आफ्नो अधिकारबाट पनि बञ्चित भइरहेका छन् तर राष्ट्रको यस्तो गम्भीर र चुनौतीपूर्ण अवस्थामा पनि राजनीतिक दलहरु नेपाल र नेपालीको अधिकार, विकास भन्दा पनि आफूँ र आफ्नो पार्टीको स्वार्थ र विकास कसरी हुन्छ भन्दै सत्ता प्राप्तितिर मात्र केन्द्रित भएको देखिन्छ । सधैंभरी चाडपर्व नजिकिँदै जाँदा दैनिक उपभोग्य वस्तुको मूल्य ह्वात्तै बढ्छ तर व्यापारीको मिलेमतोमा गरिने मूल्यवृद्धिलाई सरकारले पनि घुमाउरो पाराले सहयोग गरिरहेको देखिन्छ । सरकारको नियन्त्रणमा रहेका नेशनल ट्रेडिङ र साल्टट्रेडिङमा समेत व्यापारीले प्रभाव पारेको पटक पटक चर्चामा आइरहेकै छ । पहिलेका सरकारले जस्तै वर्तमान वामपन्थी सरकारले पनि आकाशिँदो मूल्यवृद्धि नियन्त्रण गर्न नसकेको र आपसी मिलेमतोमा मूल्य वृद्धि गर्ने ठूला व्यापारी, भ्याट बीलमा भइरहेको करोडौंको हिनामिना र त्यसमा संलग्न व्यापारीहरुलाई कारवाही गर्न नसकेकोमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारको ध्यानाकर्षण गराउँदै त्यस प्रति सचेत हुन समेत आग्रह गर्दछ ।

बहुदलीय प्रजातन्त्रको आगमनसँगै नेपालमा आइएनजिओको गतिबिधि बढे तापनि सरकारी निकायबाट तिनका गतिविधिमाथि अनुगमन तथा सही मूल्यांकन नहुनु बिडम्बना हो । संविधानमा यस्तो कुनै व्यवस्था नभएता पनि सेवा र रोजगारीका नाममा धर्मप्रचार गर्ने, विभिन्न जाति जनजातिहरुलाई अधिकारका नाममा लडाउन खोज्ने, चर्च प्रायोजित विदेशी गैरसरकारी संघसंस्थाहरु खुलेआम क्रियाशील हुँदा पनि सरकार मुक दर्शक बनेर हेरिरहेकोमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर आपत्ति प्रकट गर्दछ । आवश्यक छानवीन गरी जनजातिहरुलाई भड्काउने, सामाजिक सद्भाव बिगार्न खोज्ने, धर्मान्तिरण गर्ने आइएनजिओलाई तुरुन्त कारवाही गर्न, तिनका कामकारवाही र बजेट विनियोजनलाई पारदर्शी बनाउन प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसँग जोडदार माग गर्दछ ।

साथै देशको वर्तमान परिस्थिति प्रति गम्भीर भई तुरुन्त राष्ट्रका चुनौतीहरुको समाधानतर्फ अग्रसर हुन परिषद् सरकार समक्ष आग्रह गर्दछ । कामचलाउ सरकारका प्रधानमन्त्री डा. बाबुराम भट्टराईज्यूले पटक पटक हचुवाको भरमा घोषणा गरेको चुनावको विषयमा सम्पूर्ण राजनीतिक दलसंग सहमति जुटाई छिटो भन्दा छिटो स्थानीय तथा संबिधान सभाको चुनाव गराउने दिशातर्फ अग्रसर हुन परिषद् सरकारसंग जोडदार माग गर्दछ । साथै अब सम्पन्न हुने चुनावमा धर्म निरपेक्षता, संघीयता जस्ता गम्भीर विषयमा जनमत संग्रह गर्दै सोही जनमतका आधारमा ती विषयमा निष्कर्षमा पुग्ने वातावरण सिर्जना गर्न प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसंग जोडदार माग गर्दछ ।